# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

सव-डिभिजन वन कार्यालय, तारानगर, धनगढी, कैलालीका सहायक वन अधिकृत भरतप्रसाद साह र बिचौलिया पुष्करदेव जोशीले वन कार्यालयमा अनुसन्धान भइरहेको मुद्दाको मिसिल सामान्य बनाई दिन्छु भनी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निजहरू सहायक वन अधिकृत भरतप्रसाद साह र बिचौलिया पुष्करदेव जोशीले सेवाग्राहीसँग रु.३०,०००।- (तीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा सव-डिभिजन वन कार्यालय परिसरबाट मिति २०७५।११।२९ गते नियन्त्रणमा लिई अनुसन्धान हुँदा उक्त सव डिभिजन वन कार्यालय, तारानगर, धनगढी, कैलालीका सहायक वन अधिकृत भरतप्रसाद साहले सेवाग्राहीसँग बिचौलिया पुष्करदेव जोशी मार्फत घुस/रिसवत रकम लिएको तथ्य पुष्टि हुन आएकोले निज भरतप्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि हुन आएको देखिंदा निजलाई बिगो रु.३०,०००।- (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुने साथै सेवाग्राहीसँग रकम बुझी अपराधजन्य कार्यमा सहयोगी र मतियारको भूमिका निर्वाह गरेकोले निज बिचौलिया पुष्करदेव जोशीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएको देखिंदा निजलाई बिगो रु.३०,०००।- (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) अनुसार हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता